# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## डा. खतिवडा र एडीबीका उपाध्यक्षबीच भेटवार्ता

नेपाल भ्रमणमा रहनु भएका एसियाली विकास बैंकका उपाध्यक्ष वेन काइ चाङ र नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाबीच साउन २९ गते नेपाल राष्ट्र बैंकमा भेटवार्ता सम्पन्न भयो ।



सो भेटवार्तामा नेपालको आर्थिक वृद्धिदर, कृषि उत्पादनको अनिश्चितता, मुद्रास्फीति, रेमिटान्स, व्यापार तथा शोधनान्तर अवस्था, नेपालको वित्तीय प्रणालीको संरचना र अवस्था लगायतका नेपालको आर्थिक अवस्थाका बारेमा उहाँहरुबीच कुराकानी भएको थियो । व्यवसायिक कृषि, जलस्रोत, पर्यटन, उच्च मूल्य अभिवृद्धि हुने हलुका निर्यातयोग्य र वस्तुको उत्पादन, आयात प्रतिस्थापन गर्ने उद्योग नेपालको तुलनात्मक लाभका क्षेत्र भएको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले ठूलो जनसंख्याका भएका दुई मुलुकबीच अवस्थित नेपाललाई बजारको समस्या नहुने बताउनु भएको थियो । पूर्वाधारको कमी तथा संक्रमणकालिन अवस्थाका कारण लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेको गभर्नर डा. खतिवडाको कथन थियो । वित्तीय स्थायित्वका दिशामा उपलब्धि हासिल भएतापनि ग्रामीण वित्त तथा समावेशी वित्तीय प्रणालीको विकास अझै पनि सन्तोषजनक रूपमा हुन नसकेको जानकारी गभर्नर डा. खतिवडाले दिनु भयो । उहाँले साना-मझौला व्यवसाय प्रवर्द्धन गर्न सरल ब्याजमा पूँजी उपलब्ध गराउनु पर्ने भएकोले एसियाली विकास बैंकलाई यसतर्फ सहयोग पुऱ्याउन पनि अनुरोध गर्नु भयो । सोही क्रममा उपाध्यक्ष चाङले एसियाली विकास बैंक नेपालको ऊर्जा, यातायात, मानव संसाधन, कृषि, खानेपानी तथा सरसफाइ, ग्रामीण वित्त, वित्तीय समावेशीकरण, पूँजी बजार तथा साना तथा घरेलु उद्योगको विकासमा सहयोग गर्न तयार रहेको जानकारी दिनुभएको थियो ।

**२०७१ श्रावण ३० गते शुक्रबार** **गभर्नरको कार्यालय**